जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १३६ २०७८ साल पुस १० गते शनिबार (25 Dec. 2021 Saturday) मूल्य रु. ५/-

आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : हरवाचरवा पुनःस्थापनामा... ३ पृष्ठमा : वायुसेवा निगमको अन्तर्राष्ट्रियतर्फ. ३ पृष्ठमा : ओमिक्रोनको सङ्क्रमित...

# हाम्रो कृषिले कृषि क्षेत्रलाई सबल बनाउने योजना ल्यायो




**दैनिक समाचारदाता**
**राजविराज, ९ पुस ।**

हाम्रो कृषि सहकारी संस्था लिमिटेड राजविराजले कृषि क्षेत्रलाई थप सबल बनाउन राजविराज नगरपालिकाको सम्पूर्ण वडामा कृषक समूह गठन गर्ने जनाएको छ ।

संस्थाको शुक्रबार आयोजित १२ औं वार्षिक साधारण सभाको अवसरमा सो जानकारी दिँदै किसानलाई प्रोत्साहन गर्ने लक्ष्य सार्वजनिक गरेको हो ।

सभामा प्रगति प्रतिवेदन पेश गर्दै संस्थाका अध्यक्ष अमिरनारायण यादवले राजविराज नगरपालिकाको सबै १६ वटै वडामा कृषक समूह गठन गर्ने काम अघि बढेको जानकारी दिए ।

उनले सरकार र सहकारीको माध्यमले कृषि क्षेत्रलाई सबल तथा कृषि क्षेत्रलाई प्रोत्साहन गर्न ल्याइएको नीति अन्तरगत हालसम्म दुई वटा कृषक समूह गठन भइसकेको जानकारी पनि दिए । उनले बाँकी रहेका अन्य वडामा समेत बिस्तारको काम अघि बढेको जानकारी दिए ।

यस्तै कृषकहरुलाई सस्तो र सहज ढंगले मलखाद, बिऊ बिजन समयमै उपलब्ध गराउन यसै वर्षदेखी डिलर लिई सेवा समेत सुरु गर्ने तयारी गरिएको उनको भनाई छ ।

प्रस्तुत वार्षिक प्रतिवेदनमा हालसम्म संस्थामा ३ करोड ५८ लाख ३८ हजार २ सय कारोबार भएको, शेयर पुँजी २७ लाख १९ हजार रहेको र ऋण लगानी १ करोड २३ लाख भएको उल्लेख गरिएको छ । संस्थामा हाल ४ सय जना शेयर सदस्य रहेका छन् ।

वार्षिक साधारण सभाको उद्घाटन गर्दै राष्ट्रिय सहकारी बैंक शाखा राजविराजका प्रबन्धक चन्द्रमणि भटराईले सहकार्य मार्फत सहकारीको विकास गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष अम्बिका दाहाल, पूर्वकेन्द्रिय सदस्य अवधेश झा, प्याबशन सप्तरीका अध्यक्ष देवानन्द चौधरी, समाजसेवी प्रेम श्रेष्ठ लगायतले पनि शुभकामना दिँदै सहकारी नाफामुखी मात्र नभई सामाजिक काममा पनि उत्तिकै योगदान दिन अग्रसर हुनुपर्नेमा जोड दिएका छन् ।

सोही सभामा संस्थाका उत्कृष्ट बचतकर्ता, शेयर सदस्य लगायतलाई सम्मान गरिएको थियो ।

वार्षिक साधारण सभाका अवसरमा संस्थाले सामाजिक सेवा उत्तरदायित्व अन्तरगत पत्रकार महासंघ शाखा सप्तरीलाई एक थान स्टिल दराजसमेत प्रदान गरेको संस्थाले जनाएको छ । सो अवसरमा संस्थाका अध्यक्ष यादवले महासंघका उपाध्यक्ष अम्बिका दाहाल, सचिव रामनारायण विश्वासलाई संयुक्त रुपमा दराजको साँचो हस्तान्तरण गरेका थिए ।

# आप्रवासी कामदार हकहित संरक्षण केन्द्र सप्तरी कार्यालयको उदघाटन



**दैनिक समाचारदाता**
**राजविराज, ९ पुस ।**

आप्रवासी कामदार हकहित संरक्षण केन्द्र सप्तरीको शुक्रबार राजबिराजमा कार्यालय उदघाटन गरिएको छ ।

बैदेशिक रोजगारको सिलसिलामा जानेहरूलाई ठगिबाट बचाउन, समस्यामा परेका परिवारहरूलाई न्यायमा पहुँच बढाउन सहयोग गर्नका लागी कार्यालयको उद्घाटन गरिएको हो ।

राजविराज नगरपालिकाकी उपप्रमुख साधना झाले बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित तथा उपलब्धीमूलक बनाउने उद्देश्यले सुरक्षित आप्रवासन परियोजना र आप्रवासी श्रोत केन्द्रले गरेको कार्यको प्रशंसा समेत गरिन ।

सो अवसरमा सामी परियोजना अधिकृत रामप्रमेश मण्डलले बैदेशिक रोजगारमा जानेले सीप सँगै सुचनाको पहुँच बढाउन तथा ठगीवाट जोगिनका लागि श्रोत केन्द्रले ठूलो भुमिका खेल्ने बताए ।

प्रदेश २ सामी हेल्भेटास नेपालका संयोजक बिजय ठाकुरले बैदेशिक रोजगारलाई सुरक्षित तथा लाभदायक बनाउन सुसुचित गरि, सीप तथा ठगीमा परेकालाई उचित न्याय दिलाउन आबश्यक रहेको बताए ।

*बाँकी अन्तिम पृष्ठमा*

## महुली सामुदायिक विकास केन्द्र

*"Strengthening WASH Governance for Social Change in Saptari District, Nepal" (NPL1060)*

Project Office Rajbiraj

**सूचना सम्बन्धमा**

प्रकाशित मिति: २०७८/०८/०९

BMZ/VCA/WHH को सहयोगमा महुली सामुदायिक विकास केन्द्र (MCDC) द्वारा सञ्चालित "सप्तरी जिल्लाको सामाजिक परिवर्तनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सुशासन सवलिकरण परियोजना" अर्न्तगतका परियोजनाका लागि WASH Mentor पदको आवश्यकता भएकोले मिति २०७८ मंसीर ८ गतेको पदपुर्ति समितिको निर्णय अनुसार यस संस्थाको कर्मचारी सेवा नियमवालीको वि.न. १३(४) र १४ बमोजिम खुल्ला प्रतियोगितावाट पदपूर्ती गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र ईच्छुक नेपाली नागरिहरुबाट निवेदन पेश गर्नका लागि आह्वान गरिन्छ । यस पदका लागि आवश्यक विस्तृत विवरणको लागि यस संस्थाको परियोजना कार्यालय राजविराज, सप्तरी वा संस्थाको वेवसाइट www.mcdc.org.np मा हेर्न सकिने छ ।

आवश्यक संख्या : केही
निवेदन पेश गर्ने अन्तिम मिति : २०७८ पौष १६ गते
आवश्यक न्यूनतम शैक्षिक योग्यता : १०+२ वा सो सरह
कार्य अनुभव : सम्बन्धित पदमा रही गैरसरकारी क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको ।
उमेरको हद २१ वर्ष पुरा भएको र ३५ वर्ष ननाघेको तर अनुभवी र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
आवश्यक कागजात : निवेदन, बायोडाटा, नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी, पासपोर्ट साईजको फाटो
सेवा सुविधा : संस्थाको नियमअनुसार
निवेदन पेशगर्ने स्थान : महुली सामुदायिक विकास केन्द्र (MCDC), परियोजना कार्यालय राजविराज, सप्तरी
वेवसाइट : www.mcdc.org.np
नोट : दलित, जनजाति, मधेसी समुदाय, महिला र स्थानीयलाई ग्राहयता दिईनेछ ।
पदपुर्ति गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

# कांग्रेस प्रदेश २ को सभापतिमा कृष्ण यादव निर्वाचित

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ९ पुस ।**

नेपाली कांग्रेस प्रदेश नं २ को सभापतिमा कृष्ण यादव निर्वाचित भएका छन् । शुक्रबार बिहान सम्पन्न सभापति पदको मतगणनाअनुसार उनले ९ सय ९६ मत प्राप्त गरी प्रदेश सभापतिमा निर्वाचित भएका हुन् । उनका प्रतिद्वन्द्वी रामसरोज यादवले ८ सय ५५ मत प्राप्त गरेका थिए ।

सभापति पदमा खसेको मतमध्ये ३० मत बदर भएको जनाइएको छ । प्रदेश सभापतिमा निर्वाचित कृष्ण नेपाली कांग्रेस रौतहटका सभापति हुन भने रामसरोज कांग्रेस प्रदेश नं २ संसदीय दलका नेता तथा भौतिक पूर्वाधार विकासमन्त्री हुन् ।

# आज सार्वजनिक बिदा

काठमाडौं, ९ पुस (रासस) ।

सरकारले क्रिसमस 'डे' का अवसरमा यही पुस १० गते (आज) सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को यही पुस ८ गते बसेको बैठकले सो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले शुक्रबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सरकारका निर्णय सार्वजनिक गर्दै जानकारी दिनुभएको हो ।

# हरवाचरवा पुनःस्थापनामा सरकारी उदासीनता कतिञ्जेल

काठमाडौं, ९ पुस (रासस) ।

लक्ष्मीपुर गाउँपालिका–१, सिरहा पिपराकी राजमती मण्डल आफू जान्ने/बुझ्ने भएदेखि नै हरवाचरवा बस्दै आउनुभएको छ । साहुबाट ऋण लिएर तिर्न नसकेपछि उनकै घरमा हरवाचरवा बस्ने उहाँ आफ्नो परिवारको तेस्रो पुस्ताको हुनुहुन्छ ।

मण्डलले भन्नुभयो, “ससुराले लिएको ऋण तिर्न नसकेर अहिलेसम्म पनि मालिककै घरमा काम गर्दै आएकाछौं, आफ्नो जमिन छैन, साहुले वर्षभरि काम गरेर दश पाथी धान मात्रै दिन्छन् ।”

विसं २०५७ सम्म कमैया बस्दै आउनुभएकी बर्दियाकी सङ्गीता थारूको पनि आफ्नो घर छैन, जग्गाजमिन पनि छैन । सो साल सरकारले मुक्तकमैया घोषणासँगै पुनःस्थापना गर्ने योजना त बनायो तर सङ्गीताको अहिलेसम्म हुन सकेको छैन । “सरकारले कमैयाको पुनःस्थापना कागजमा मात्रै गरेको छ, सबै कमैयालाई परिचयपत्रसमेत दिएको छैन, पाउनेको अहिलेसम्म कुनै जग्गा/जमिन छैन ।”

सरकारले पटकपटक हरवाचरवा, हलिया, कमलरी र कमैया मुक्तिसँगै पुनःस्थापना गर्ने घोषणा गरे पनि कार्यान्वयन भएन । नेपालको संविधानले मौलिक हक तथा मानव अधिकार संरक्षण र सम्बर्द्धनसम्बन्धी प्रावधान, दासता, बाध्यकारी श्रम, बालश्रम तथा मानव बेचबिखनलाई निषेधित र दण्डनीय माने पनि व्यावहारिक कार्यान्वयन हुन सकेको छैन । दासत्व अभ्यासको विधिवत् अन्त्य र दासमुक्तिको एक शताब्दीपछि पनि नेपालमा विभिन्न ढङ्गले सो प्रथा कायम छ । संविधानको धारा २९ शोषणविरुद्धको हकअन्तर्गत उपधारा (३) र उपधारा (४) मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन र निजको इच्छाविरुद्ध काममा लगाउन नपाइने प्रावधान छ । धारा ४० को उपधारा (५) र (६) मा दलितलाई एक पटक जमिन र एक पटक आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था छ । मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ ले आवासको अधिकारलाई पर्याप्त जीवनस्तरको अधिकारको मान्यता दिए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

हरवाचरवाले आफ्ना नाममा रहेको अनुचित ऋण खारेजीसहित मुक्तिको घोषणा गर्नुपर्ने, स्पष्ट तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरण गर्नुपर्ने, पुनःस्थापना गर्दा कम्तीमा १० कठ्ठा जमिन प्रदान गर्नुपर्ने र आफ्ना लागि शिक्षा, स्वास्थ्यसँगै रोजगारीसहितको पुनःस्थापना गर्नुपर्ने माग गर्दै आएका छन् । राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका अध्यक्ष दशन मण्डल बँधुवा श्रम र बहुआयामिक गरिबीका स्थितिमा रहेका हरवाचरवालाई त्यसबाट पूर्णतया मुक्त गरेर आवश्यक सीप, औजारयुक्त आधुनिक कृषक वा श्रमिकमा रुपान्तरणको पुनःस्थापना कार्यक्रम ल्याउनुपर्ने बताउनुहुन्छ । नेपालको श्रम ऐन २०७४ र नियमावली २०७५, मुलुकी अपराधसंहिता २०७४ तथा अपराध पीडितको हक संरक्षण गर्ने ऐन २०७५ मा पनि विनाज्याला श्रमिकलाई काममा लगाउन नहुने जनाइएको छ । राष्ट्रिय दलित नेटवर्कका संस्थापक अध्यक्ष गणेश विकेले नेपालमा विद्यमान हरवाचरवा प्रथाको अन्त्य, मुक्तहलिया र कमैयाको प्रभावकारी पुनःस्थापना, कृषि बँधुवा मजदुर प्रणालीको अन्त्य गर्दै सामाजिक न्यायपूर्ण श्रमसम्बन्ध कायम नभएसम्म सामाजिक न्यायमा आधारित समृद्ध नेपाल निर्माण हुन नसक्ने बताउनुभयो । जमिन र घरबास नभएका हरेक हरवाचरवाका लागि सरकारले सोको प्रबन्ध गरिदिनुपर्ने, बँधुवा, भूदास हरवाचरवालाई आधुनिक स्वतन्त्र र मुक्त श्रमिकमा रुपान्तरित गर्न प्रत्येक हरवाचरवा परिवारको युवा तथा वयस्कलाई बजारमा बिकाउ हुने रोजगारी र सीपको तालिम प्रदान गरिनुपर्ने, सीप तालिमपछि काम गरिखान अति जरुरी हुने बीउ पुँजी र औजारको समेत सरकारले प्रबन्ध गरिदिनुपर्ने मागसमेत गरिएको छ ।

बाध्यात्मकरूपमा अरुका घरमा ऋण, जमिन वा पछि अन्नपात पाउने सर्तमा काम गरिरहेका कृषि मजदुरमध्ये खेत जोत्नेलाई हरवा र गाईवस्तु चराउने चरवाले उचित ज्याला नपाउनाका साथै बाबुबाजेले कुनै जमानामा कुनै व्यक्तिसँग लिएको ऋणको व्याजबापत काम गरिदिनुपर्ने बाध्यता छ । जसका घरमा पुस्तौंदेखि ऋण चुक्ताका लागि श्रम गरिरहेका हुन्छन्, तिनलाई कति ऋण र समय श्रम गरेपछि कट्टा हुन्छ भन्नेसमेत जानकारी छैन ।

सन् २०१३ मा विश्व श्रम सङ्गठनले गरेको अध्ययनमा पुस्तौंदेखि न्यायिक ज्यालाबिनै श्रम गर्न बाध्य हरवाचरवा एक लाखभन्दा बढी भएको अनुमान गरिएको छ । हाल द फ्रिडम फण्ड तथा सिएसआरसीले गरेको अध्ययनले हरवाचरवा अनियमित ऋणका कारण अझै पनि बँधुवाका रुपमा रहेको तथ्य छ ।

परम्परादेखि जमिन्दारले आफ्नो खेती तथा कृषि कामका लागि ऋण दिएर वा विभिन्न रुपमा सपरिवार हरवाचरवाको बस्ती बसाएका थिए । विभिन्न समयमा जमिन्दारका जग्गा नापी भए पनि हरवाचरवा बसेको जमिन नापी नहुनाले भूमिहीन छन् । आफ्ना नाममा जमिन र नागरिकतालागायत परिचयपत्र नभएकै कारण गृहत (साहु) को ऋण सापटीमा जीवन गुजार्न बाध्य उनीहरू सामान्य औषधोपचार, दैनिक खाना तथा सांस्कृतिक कारणका लागि पनि ऋण लिन बाध्य छन् । उनीहरूले लिएको अधिकांश ऋण चर्को ब्याजमा (न्यूनतम वार्षिक ३६ देखि १२० प्रतिशत) सम्म छ । हरवाचरवा बसाइ स्वतन्त्र भनिए पनि यथार्थमा गृहतका वा ऐलानी जमिनमा बसेका कारण स्थानीय साहुको नियन्त्रणमा नै छन् । यसबाट हरवाचरवा संविधानप्रदत्त रोजगारीको छनोटको स्वतन्त्रता, मर्यादापूर्ण श्रम अभ्यास, न्यूनतम ज्यालालगायतबाट वञ्चित छन् । आफ्ना नाममा जमिन नभएकै कारण र सार्वजनिक जमिनमा बस्नपरेका कारण जनता आवासलगायत कार्यक्रमले उनीहरूलाई समेट्न सकेको छैन । खानेपानी, शौचालयलगायत सुविधाबाट समेत वञ्चित हुँदै उनीहरू जोखिमपूर्ण बस्तीमा बस्न बाध्य छन् ।

नेपालमा विसं १९८१ मा तत्कालीन प्रधानमन्त्री चन्द्रशम्शेरका पालामा कमाराकमारी प्रथा अन्त्य गरिएको थियो । त्यतिबेला ६० हजार दास मुक्त गरिएको जनाइएको छ ।

नेकपा (एमाले) का सचेतक शान्ता चौधरी वास्तविक हरवाचरवा, कमैया, कमलरीको लगत सङ्कलन हुन नसकेको र तिनले अहिलेसम्म कत्ति पनि जमिन पाउन नसकेको बताउँदै सरोकारवालाको सुझावका आधारमा कानुन निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुहुन्छ । कमैयामुक्तिका २२, हलिया मुक्तिका १४ र कमलहरी मुक्तिका आठ वर्ष बितिसक्दा समेत हरवाचरवा प्रथाको मुक्तिको घोषणा नभएकाले पुनःस्थापनाको काम समाप्त भइनसकेका सन्दर्भमा अध्ययन गर्न सरकारका तर्फबाट तत्कालीन संविधानसभा सदस्य श्याम श्रेष्ठका नेतृत्वमा गत मङ्सिर १७ गते अध्ययन समिति गठन गरिएको छ । समितिका संयोजक श्रेष्ठले हलिया, कमलरी र हरवाचरणलगायत सबै प्रकारका बाँधा श्रमको विस्तृत अध्ययन गरेर कानुन निर्माणका लागि सहयोग पुग्ने गरी जतिसक्दो चाँडो प्रतिवेदन पेश गरिने बताउनुभयो । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव भोजराज घिमिरेले मुक्तकमैया, कमलरी, हरवाचरवा, हलिया, भूमिहीन र सुकुम्बासीको पहिचान गरी बसोबासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने सरकारको तयारी रहेको जानकारी दिनुभयो ।

सरकारको बाँधाश्रम (निषेध)सम्बन्धी प्रस्तावित विधेयकको मस्यौदामा ‘बाँधा श्रमिकले ऋणदातासँग लिएको ऋण ऐन लागू भएपछि ऋणदातालाई तिर्नुपर्ने छैन’ भनिएको छ । ऐनको मस्यौदामा बाँधा श्रमिकका रुपमा काम लगाएमा दुई वर्षसम्म कैद वा रु पाँच लाख जरिवाना वा दुवै सजाय हुने गरी काममा लगाएको प्रत्येक दिनको निर्धारित न्यूनतम ज्यालाको दोब्बर रकम भराइने पनि भनिएको छ ।

सरोकार पक्षले अहिले पनि कृषिमै संलग्न हुन इच्छुक हलिया घरधुरीका लागि एक परिवारले वर्षभरि धान्ने जोतीखाने कृषियोग्य जमिन तथा घर नभएका वा मानवोचित घर नभएका हरेक हलिया परिवारका लागि घरको प्रबन्ध गर्ने विषयलाई ऐनमै राख्नुपर्ने सुझाव दिएका छन् ।

तराईका हरवाचरवाको जस्तै पहाडमा हलियाको समस्या उस्तै छ । धेरै लामो समयदेखि छलफल भई विज्ञसमेतको सुझाव प्राप्त भएको हलिया श्रम निषेध गर्ने ऐन पारित हुन नसक्दा हलिया पुनःर्स्थापनाको काम सङ्घीय, प्रदेश र स्थानीय सरकारका प्राथमिकतामा परेको छैन । अधिकारकर्मी वीरबहादुर थारू प्रमाणीकरण भएका परिचयपत्र प्राप्त गर्न बाँकी हलियालाई अविलम्ब परिचयपत्र वितरण गर्दै छुट् हलियालाई एक पटकका लागि पुनः प्रमाणीकरण खुला गरिनुपर्नेमा जोड दिनुहुन्छ । ऐन पारित नहुँदासम्मका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले हलिया पुनर्स्थापना गठन आदेश वा कार्यविधि निर्माण गरी सोका आधारमा परिचयपत्र पाएर पुनःस्थापना हुन बाँकी दुई हजार ७११ घरधुरी मुक्त हलियाको पुनस्थापनको प्रक्रिया अघि बढाउनु उचित हुने अधिकारकर्मी थारू बताउनुहुन्छ । अधिवक्ता चक्रमान विश्वकर्मा ऐन बनाएर मात्र नभई सोको कार्यान्वयन र अनुगमन सरकारले नै गर्नुपर्नेमा जोड दिनुहुन्छ ।

प्रमाणीकरण भएका ४४१ परिवारलाई परिचयपत्र दिलाएर पुनःस्थापना पनि अघि बढाइनुपर्ने माग उहाँको छ । प्रतिनिधिसभा, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिका सभापति नीरादेवी जैरुले सरकारले बाँधा श्रमसम्बन्धी ऐन बनाउने मात्रै भन्दा पनि कार्यान्वयनका लागि पहल गर्दै अनुगमन गर्नुपर्ने बताउनुभयो । राष्ट्रिय मुक्तहलिया समाज महासङ्घ नेपालका पूर्वाध्यक्ष राजाराम भूल भने बाँधा श्रममा सबैभन्दा बढी दलित समुदाय रहेको बताउँदै समस्या समाधान गर्न ऐन निर्माण र कार्यान्वयनका लागि आफू नै सक्रिय हुनुपर्नेमा जोड दिनुहुन्छ । महासङ्घले नीति निर्णय गर्ने हरेक संरचनामा हलियाको नेतृत्व दाबी सहभागिता हुनुपर्ने विषयलाई कानुनमै व्यवस्था गर्नुपर्ने मागसहित भूमिव्यवस्था मन्त्रालयलाई सुझावसमेत पेश गरेको छ ।

मन्त्रालयले सबै प्रकारका बाँधा श्रमिकलाई समेट्ने तीनै तहका सरकारको जिम्मेवारी, समन्वय आदि विषय किटान गरेर कमैया श्रम(निषेध) सम्बन्धी ऐनमा समसामयिक परिमार्जन गर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव भोजराज घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न जिल्ला र क्षेत्रमा रहेका बाँधा श्रमिकको आधिकारिक एवं एकीकृत तथ्याङ्क सङ्कलन गरेर तिनलाई परिचयपत्र दिने तयारी तीव्ररूपमा भइरहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१–५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No.: 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनावारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# शिक्षामा लगानी बढाउन माग

काठमाडौं, ९ पुस (रासस) ।

बढी कमाउनेसँग बढी कर लिएर सार्वजनिक शिक्षामा लगानी बढाउन विज्ञ र अधिकारकर्मीले सुझाव दिएका छन् । ‘शिक्षामा लगानी र प्रगतिशील कर’ विषयमा ‘ट्याक्स एड एलाइन्स’ को सहकार्यमा शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई) नेपालले शुक्रबार आयोजना गरेको छलफल कार्यक्रममा नेपाल अल्पविकसित मुलुकबाट विकसितमा स्तरोन्नति हुन लागेकाले वैदेशिक सहयोग घट्ने हुँदा राष्ट्रिय बजेट व्यवस्थापबाट शिक्षामा लगानी बढाउन आग्रह गरिएको हो ।

सांसद अञ्जना विसङ्खेले प्रगतिशील तथा न्यायिक कर प्रणाली लागू गरेर त्यसको सही अनुगमनका माध्यमबाट सामाजिक क्षेत्रका मौलिक हकअधिकारको कार्यान्वयन गर्न सकिने जनाउनुभयो । राष्ट्रिय योजना आयोगका सदस्य डा पुष्परमण वाग्लेले अपेक्षाबमोजिम शिक्षा क्षेत्र अगाडि बढ्न नसक्नुमा लगानी कम भएको भन्ने आएको सन्दर्भमा प्राकृतिक स्रोत साधनलाई उपयोग गरेर शिक्षा प्रणालीलाई सञ्चालन गर्न सक्नुपर्ने बताउनुभयो ।

गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्ष होमकुमार श्रेष्ठले स्थानीय तहबाट शिक्षा विकासमा पर्याप्त काम हुन नसकेको भए पनि स्थानीय तहको लगानीको उपयोगितामा आफूहरू सचेत रहेको जनाउनुभयो । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा हरि लम्साले शिक्षाको विद्यमान अर्थशास्त्रमाथि पर्याप्त बहस नभएको जनाउँदै लगानीको सदुपयोग हुने नीति र अभ्यासमा जान आवश्यक भएको जनाउनुभयो ।

परामर्शदाता सागरनाथ प्याकुरेलले शिक्षामा लगानी कम हुँदा विपन्न र गरिब अभिभावक र विद्यार्थीलाई मार पर्ने भएकाले बढी आय गर्नेसँग बढी कर लिएर विपन्नको शिक्षामा लगानी गरेमा मात्रै मुलुकको समग्र विकास हुने बताउनुभयो । नेपाल शिक्षक महासङ्घका अध्यक्ष कमला तुलाधरले शिक्षकको सेवा, सुविधा बढाउन शिक्षामा लगानी बढाउन आग्रह गर्नुभयो । चार्टर्ड अकाउन्टेन्ट प्रवेश आचार्यले पछिल्ला वर्षमा लक्ष्यबमोजिम कर नउठेको र उठेको करभन्दा एक प्रतिशत बढीसम्म साधारण खर्च भएकाले प्रगतिशील कर नीति कार्यान्वयन गरेर कर छली प्रवृत्तिलाई कानूनी कारबाही गर्नुपर्ने जनाउनुभयो ।

एक्सन एड नेपालका राष्ट्रिय निर्देशक सुजिता मास्केले विश्वमा कूल गार्हस्थ्य उत्पादनको चार दशमलव आठ प्रतिशत बजेट शिक्षामा विनियोजन भएको र नेपालमा त्योभन्दा कम बजेट कायम रहेकाले लगानी बढाउन जोड दिनुभयो ।

एनसिइ नेपालका सचिव सुदर्शन सिग्देलले तिर्न सक्नेसँग बढी कर लिएर र नसक्नेसँग न्यून कर लिएर विपन्न विद्यार्थीको निःशुल्क शिक्षामा लगानी गर्न नागरिकस्तरबाट बहस चलाउनुपर्ने बताउनुभयो ।

# वायुसेवा निगमको अन्तर्राष्ट्रियतर्फ २५ प्रतिशत बजार हिस्सा

काठमाडौँ, ९ पुस (रासस)।

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले कोभिड-१९ महामारीको असहज परिस्थितिमा पनि अन्तर्राष्ट्रियतर्फ सन्तोषजनक व्यापार गरेको छ।

निगमले सन् २०२० मा अन्तर्राष्ट्रिय गन्तव्यमा २५ प्रतिशत बजार हिस्सा ओगटेको छ। महामारीका बेला सीमित सङ्ख्याका अन्तर्राष्ट्रिय एयरलाइन्सको उडान भएकाले निगमको व्यापार बढेको हो। महामारीका बेला सीमित सङ्ख्याका अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान गरेकाले निगमको व्यापार हिस्सा बढेको निगमका कर्पोरेट निर्देशक अर्चना खड्काले जानकारी दिनुभयो।

“महामारीकाबेला सन् २०२० मा निगमको व्यापार हिस्सा राम्रो देखिनुमा सीमित एयरलाइन्सले उडान सञ्चालन गरेर हो। अघिल्लो वर्ष निगमले प्रतिस्पर्धी एयरलाइन्ससँग पनि व्यापार हिस्सा राम्रै गरेको थियो”, निगमले कोभिड महामारीपूर्व सन् २०१९ मा अन्तर्राष्ट्रियतर्फ १७.८० प्रतिशत व्यापार हिस्सा ओगटेको थियो। त्यस्तै सन् २०१८ मा ११.३ र सन् २०१७ मा ९.७० प्रतिशत व्यापार गरेको थियो। त्यसअघि सन् २०१५ मा जम्मा ७.९० प्रतिशत रहेकामा सन् २०१६ मा १०.९० प्रतिशत व्यापार हिस्सा ओगटेको थियो।

निगमले अन्तर्राष्ट्रियस्तरमा दुई वाइडबडी र दुई न्यारोबडी जहाजमार्फत भारतका तीनसहित सात देशका नौ गन्तव्यमा उडान भर्दै आएको छ। भारतका तीन नयाँदिल्ली, मुम्बई र बैङ्लोर तथा जापानको नारितामा, मलेसियाको क्वालालम्पुर, हङकङ, थाइल्याण्डको बैंकक, कतारको दोहा र दुबईमा अन्तर्राष्ट्रिय उडान भर्दै आएको छ। नेपालले हाल ४० मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गरेको छ। हाल तीन नेपालीसहित ३० वायुसेवा प्रदायक कम्पनीले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन्।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले निगमको अन्तर्राष्ट्रिय गन्तव्यमा बजार हिस्सा बढाउने गरी भएका जहाजको प्रभावकारी व्यवस्थापन र आवश्यक जहाज खरिदका लागि कार्ययोजनाका साथ अघि बढेको जानकारी दिनुभयो। जहाज थपेर व्यापार बढाउने कार्ययोजनाका साथ काम अघि बढाउन निगम लागि परेको बताउनुभयो। निगमले दक्षिण कोरिया, चीनको ग्वाङ्जाओलगायत गन्तव्यमा पनि उडान विस्तार गर्ने योजना बनाएको थियो। महामारीले उक्त योजना सार्थक हुन सकेको छैन।

**सिड्नीदेखि लण्डनसम्म उडान योजना**

निगमले आगामी छ वर्षभित्र अन्तर्राष्ट्रिय उडानमा थप १४ जहाज गरिद गर्ने योजना बनाएको छ। पाँचवर्षे कार्ययोजना बनाएर सन् २०२७ सम्म अन्तर्राष्ट्रिय उडानमा छ वटा वाइडबडी र आठ वटा न्यारोबडी गरी १४ वटा जहाज खरिद गर्ने योजना बनाएको हो। पाँचवर्षे कार्ययोजना बन्दै गरेको निगमका निर्देशक खड्काले बताउनुभयो।

निगमले अन्तर्राष्ट्रियतर्फ छ वर्षभित्र लण्डनदेखि सिड्नी तथा टोकियो, कोलकाता, ग्वाङ्जाओ, कोलम्बो, सङ्घाई, इन्चेन, अहमदाबाद, रियाद, इण्डोनेसिया र फ्र्याकफर्ट उडान गर्ने दाबीसहित कार्ययोजना बनाइरहेको हो। निगमले तत्कालै साउदी अरेबियाको रियादमा सातामा दुई उडान गर्नेगरी अन्तिम तयारी गरेको छ। दुबई गन्तव्यमा उडान सङ्ख्या थपेको छ। भारतका तीनवटै गन्तव्यमा उडान सञ्चालन गर्ने योजना बनाएको छ। महामारीका कारण हाल नयाँदिल्ली गन्तव्यमा मात्रै उडान भइरहेको छ। छिट्टै बैङ्लोर र मुम्बइमा पनि उडान गर्ने तयारी भइरहेको निगमले उल्लेख गरेको छ। निगमले आन्तरिक र अन्तर्राष्ट्रिय दुवै गन्तव्यमा उडान गर्ने आवश्यक जहाज खरिद गर्नका लागि सरकारसँग रु १५ अर्ब माग गरेको छ। झण्डै रु ५० अर्ब ऋणभार बेहोरिरहेको निगमको जहाजका लागि लगानीबाहेक भन्सार छुट, ग्राउन्ड ह्यान्डलिङ सेवा निगमलाई नै सीमित राख्न मन्त्रालयसँग अनुरोध पनि गरेको छ। महामारीका कारण निगमले करिब २० महिनाको अवधिमा रु नौ अर्ब आम्दानी गुमाएको जनाएको छ।

निगमको आन्तरिकतर्फ व्यापार खुम्चिएको छ। उक्त वर्ष निगमले जम्मा दुई प्रतिशत व्यापार गरेको छ। आन्तरिकतर्फ जहाज अभावले व्यापार अभिवृद्धि गर्न नसेकेको निगमले जनाएको छ। निगमसँग आन्तरिकतर्फ जम्मा दुई वटा टुइनअटर जहाज छन्। यी जहाजले विभिन्न १७ गन्तव्यमा उडान भर्दै आएका छन्। काठमाडौँबाट ताप्लेजुङ, भोजपुर, थामखर्क, लुक्ला, खानीडाँडा, फाप्लु, दाङ तथा पश्चिममा नेपालगञ्जबाट बाजुरा, सिमकोट, जुम्ला, रुकुम, ताल्चा, बझाङ, साँफेबगर र डोटीसम्म उडान गर्दै आइरहेको छ।

निगमले आन्तरिकतर्फ थप १८ थान जहाज खरिदका लागि माग गरेको छ। निगमले दुर्गम तथा हिमाली भेगका लागि आठ वटा र सुगम रुटका लागि १० वटा जहाज खरिदका लागि मन्त्रालयमा कार्ययोजना पेश गर्ने तयारी गरेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आन्तरिकतर्फ ३०० हाराहारी उडान भइरहेको छ। ६३ वर्षे इतिहास बोकेको निगममा हाल सीमित जहाज भएकाले अन्य एयरलाइन्ससँग प्रतिस्पर्धा गर्न सकेको छैन। निगममा हाल स्थायी र अस्थायी तथा अन्य प्रकृतिका गरी कूल एक हजार ३६९ कर्मचारी कार्यरत छन्।

# कांग्रेसको नवनिर्वाचित केन्द्रीय कार्यसमितिको बैठक शनिबार बस्दै

काठमाडौँ, ९ पुस (रासस)।

नेपाली कांग्रेसको १४औँ महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय कार्यसमितिको बैठक शनिबार बस्दैछ। बैठक दिउँसो करिब १ बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्ने तय भएको छ।

शनिबार बिहान ११ बजेदेखि निर्वाचित पदाधिकारी एवं सदस्यलाई ‘निर्वाचित भएको प्रमाणपत्र’ वितरण गरेलगत्तै केन्द्रीय समिति बैठक बस्ने पार्टी कार्यालयका सचिव केशव रिजालले राससलाई जानकारी दिनुभयो।

गत मङ्सिर २४ देखि २८ गतेसम्म सम्पन्न महाधिवेशनअन्तर्गत भएको निर्वाचनबाट केन्द्रीय कार्यसमितिका १३४ पदाधिकारी र सदस्य निर्वाचित हुनुभएको छ। यसबाहेक नयाँ विधानअनुसार केन्द्रीय सभापतिले ३३ जना मनोनीत गर्न बाँकी छ। ‘निर्वाचित भएको प्रमाण पत्र’ वितरणका लागि सबै पदाधिकारी र सदस्यलाई खबर गरिसकेको र सो कार्यक्रमपछि पार्टी कार्यालयको ठूलो हलमा नै केन्द्रीय कार्यसमिति बैठक बस्ने उहाँले बताउनुभयो। तेह्रौँ महाधिवेशनमा कांग्रेसको केन्द्रीय समिति ८५ सदस्यीय थियो।

बैठकमा सभापति देउवाले सबैलाई धन्यवाद दिने, स्वागत गर्ने, निर्वाचन आयोगमा दल दर्ताका लागि निर्णय गर्नेलगायतको कार्यसूची रहेको बताइएको छ। कांग्रेसले बैठकको निर्णयसहित शनिबार नै आयोगमा राष्ट्रियसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ताको निवेदन दिने सचिव रिजालले बताउनुभयो।

आयोगले यसअघि सो प्रयोजनका लागि यही पुस १० गतेसम्म अन्तिम म्याद तोकी सूचना प्रकाशन गरेको थियो। कांग्रेसको १४औँ महाधिवेशनबाट सभापतिमा प्रधानमन्त्रीसमेत रहनुभएका शेरबहादुर देउवा, उपसभापतिमा पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्रीमा गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्रीमा महालक्ष्मी उपाध्याय ‘डिना’, जीवन परियार, बद्री पाण्डे, फरमुल्लाह मन्सुर, भीष्मराज आङ्देम्बे, किशोरसिंह राठोर, महेन्द्र यादव र उमाकान्त चौधरी निर्वाचित हुनुभएको थियो।

यसैगरी केन्द्रीय सदस्य खुलातर्फ (३५ जना) डा शशाङ्क कोइराला, एनपी साउद, बालकृष्ण खाँण, उदय शमशेर राणा, रामहरि खतिवडा, ज्ञानेन्द्रबहादुर कार्की, रमेश लेखक, शङ्कर भण्डारी, जिपछिरिङ लामा, अर्जुननरसिंह केसी, जीतजङ्ग बस्नेत, गोपालमान श्रेष्ठ, मोहनबहादुर बस्नेत, सुनिलबहादुर थापा, नैनसिंह महर, दिलेन्द्रप्रसाद बडु, रामशरण महत, बलबहादुर केसी, गोविन्द भट्टराई, कुन्दनराज काफ्ले, दिपक गिरी, सुरेन्द्रराज पाण्डे, पद्मनारायण चौधरी, राजीव ढुङ्गाना, गुरु बराल, सञ्जयकुमार गौतम, गोविन्दराज पोखरेल, मदनबहादुर अमात्य, अजयबाबु शिवाकोटी, गणेश लामा, दिनेश कोइराला, उमेशजङ्ग रायमाझी, मोहन आचार्य, गोपाल दहित र कृष्णकिशोर घिमिरे निर्वाचित हुनुभएको छ।

केन्द्रीय सदस्य (महिला खुला) तर्फ नौ जनामा डा डिला सङ्ग्रौला, पुष्पा भुसाल, आरजु राणा देउवा, अम्बिका बस्नेत, ईश्वरी न्यौपाने, सरिता प्रसाईं, रमा कोइराला पौडेल, सुशीला ढकाल आचार्य र रङ्गमति शाही निर्वाचित हुनुभएको छ। केन्द्रीय सदस्य आदिवासी-जनजाति १५ (सात महिलासहित) सिटमा चिनकाजी श्रेष्ठ, उमेश श्रेष्ठ, बहादुरसिंह लामा, दिलमान पाख्रिन, टेकबहादुर गुरुङ, आङ्गेलु शेर्पा, तारामान गुरुङ, टेकप्रसाद गुरुङ, सीता गुरुङ, अन्जनी श्रेष्ठ, सरस्वती बजीमय, गङ्गालक्ष्मी अवाल, माया राई, सीता राना र सुशीला थिङ निर्वाचित हुनुभएको छ।

केन्द्रीय सदस्य खस-आर्य १३ जना (छ महिलासहित) मा केशवकुमार बुढाथोकी, गोविन्दबहादुर शाह, भीम पराजुली, मधु आचार्य, श्यामकुमार घिमिरे, नारायणबहादुर कार्की, गेहेन्द्र गिरी, मञ्जु खाण, प्रतिमा गौतम, नानु बाँस्तोला, कान्तिका सेजुवाल, चम्पादेवी खड्का र विद्यादेवी तिमिल्सिना निर्वाचित हुनुभएको छ। दलिततर्फ नौ (चार महिलासहित) सिटमा मानबहादुर नेपाली, प्रकाश रसाइली ‘स्नेही’, हरिशरण नेपाली, नृपबहादुर वड, मैकुलाल बाल्मीकी, लक्ष्मी परियार, सुजाता परियार, शान्ति परियार विक र रुपा विक निर्वाचित हुनुभएको छ।

केन्द्रीय सदस्य मधेशीतर्फ नौ जना (चार महिलासहित) मा अजयकुमार चौरसिया, चन्द्रमोहन यादव, महेन्द्रकुमार राय, विनोदकुमार चौधरी, दिनेशकुमार यादव, नागिना यादव, मञ्जुकुमारी यादव, मिनाक्षी झा र मुक्ताकुमारी यादव तथा थारूतर्फ चार सिटमा (दुई महिलासहित) रामजनम चौधरी, योगेन्द्र चौधरी, कल्पना चौधरी र जीवन राना निर्वाचिन हुनुभएको थियो। केन्द्रीय सदस्य मुस्लिमतर्फ तीन सिट (एक महिलासहित) मा अब्दुल रज्जाक, अब्दुल सतार र जवेदा खातुन, अल्पसङ्ख्यकतर्फ एक सिटमा प्रदीपकुमार सुनुवार, अपाङ्गता भएकातर्फ एक सिटमा मदनकृष्ण श्रेष्ठ, पिछडिएको क्षेत्रतर्फ एक सिटमा अर्जुनबहादुर सिंह निर्वाचित हुनुभएको थियो।

पार्टीको विधानअनुसार प्रत्येक प्रदेशबाट एक महिलासहित तीन केन्द्रीय निर्वाचित हुने प्रावधानअनुसार प्रदेश नं १ बाट अमृत अर्याल, राजीव कोइराला र महेन्द्रकुमारी लिम्बू, प्रदेश नं २ बाट रमेश रिजाल, आनन्द ढुङ्गाना र चित्रलेखा यादव, बागमती प्रदेशबाट राजेन्द्रकुमार केसी, ध्यानगोविन्द रञ्जित र उर्मिला नेपाल केसी, गण्डकी प्रदेशबाट ध्रुव वाग्ले, कृष्णचन्द्र पोखरेल र सरस्वती

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### ओमिक्रोनको सङ्क्रमित बढेपछि इटालीमा प्रतिबन्धहरुको घोषणा

रोम, ९ पुस (रासस/सिन्ह्वा)।

इटालीमा पछिल्लो समयमा कोरोना भाइरसको पछिल्लो तथा घातक भनिएको ओमिक्रोन भेरियन्टका सङ्क्रमण बढेको पाइएको छ। यहाँ प्रतिदिन यस्तो सङ्क्रमण बढ्दै गएपछि स्वास्थ्यका मापदण्डहरुमा कडाई गरिएको छ र यहाँका अधिकारीहरुले पहिलेजस्तै जनस्वास्थ्यका मापदण्डहरु पालना गर्नुपर्ने नियम बनाएका छन्।

पछिल्लो समयमा क्रिसमसका कार्यक्रमहरुमा बढी नागरिकहरुको आवतजावत र जम्मा हुने भएकाले त्यसमा कडाई गरिएको बताइएको छ। इटालीको मन्त्री परिषदले यहाँ क्रिसमस तथा नयाँ वर्षका अवसरमा जम्मा हुन पनि प्रतिबन्ध लगाइएको छ। त्यसैगरी नागरिकहरु सार्वजनिक रुपमा भेला हुने कार्यमा पनि कडाई गरिएको यहाँको सरकारले जनाएको छ।

यहाँका प्रतिबन्धहरुमा रात्रि क्लबहरु र डिस्कोमा आगामी जनवरी ३१ सम्मका लागि प्रतिबन्ध लगाइएको छ। त्यस्तै दिउँसोको समयमा पनि धेरै जना व्यक्ति भेला हुन नपाउने नियम बनाइएको छ। यहाँ प्रत्येक दिन नयाँ भेरियन्ट ओमिक्रोनका सङ्क्रमितहरु देखिने गरेका छन्। साथै पछिल्लो समयमा डेल्टा भेरियन्टको प्रकोप पनि बढ्दो देखिएको बताइएको छ।

### साउदी अरब नेतृत्वको सेनाद्धारा यमनको राजधानीमा हवाई आक्रमण

साना, ९ पुस (रासस/सिन्ह्वा)।

साउदी नेतृत्वको गठबन्धन सेनाले यमनको राजधानी सानामा बुधबार रातिदेखि हवाई हमला गरेको बताइएको छ। हुथी मिलिसियाहरुका विरुद्धमा सो सेनाका युद्धक विमानहरुले हवाई आक्रमण गरेका बताइएको छ। ती सेनाले हुथी विद्रोहीहरुले निर्माण गरेका आश्रयस्थलका साथै उनीहरुद्वारा नियन्त्रित सैन्य शिविरमा हवाई आक्रमण गरेको हुथीद्वारा सञ्चालित अल-मासिराह टिभीले जनाएको छ। युद्धक विमानहरुले गरेका सो आक्रमणको आवाज नै सुनिएको पनि बताइएको छ। यस हवाई आक्रमणबाट यमनी सहर सानाको पूर्वी क्षेत्रमा रहेको हाफा शिविर प्रभावित भएको बताइएको छ।

यस हमलाबाट भएको क्षतिको विस्तृत विवरण भने दिइएको छैन। हवाई आक्रमणपछि शहरभर शक्तिशाली विस्फोटको आवाज सुनिएको बताइएको छ। सो हमलामा परेर यहाँका हुथी मिलिसियाहरुले निर्माण गरेका केही आश्रयस्थल र सैन्य शिविर ध्वस्त भएका छन्। उनीहरुको पकड रहेको भनिएका केही क्षेत्रमा यी सेनाको आक्रमण विगतदेखि नै जारी रहेको थियो।

इरान समर्थित हुथी मिलिसियाले पनि गतहप्ता यहाँ आक्रमण गरेका र सो ड्रोन आक्रमणबाट दुईवटा गुफा र चारवटा भूमिगत गोदाम ध्वस्त भएको गठबन्धन सेनाले जनाएको थियो। केही महिनामात्र अघि यमनी विद्रोही समूहले मध्य यमनको अत्यधिक तेल रहेको प्रान्त मारिब कब्जा गर्न साउदी समर्थित सरकारी सेनाविरुद्ध ठूलो आक्रमण सुरु गरेको थियो।

### भारतमा थप ६ हजार ६५० जनालाई कोरोना सङ्क्रमित

नयाँ दिल्ली, ९ पुस (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरसबाट थप छहजार ६५० सङ्क्रमित भएपछि यहाँ कूल सङ्क्रमितको संख्या तीन करोड ४७ लाख ७२ हजार ६२६ पुगेको केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले शुक्रबार जनाएको छ। तीमध्ये ३५८ मा ओमिक्रोन भेरियन्ट देखिएको पनि मन्त्रालयले जानकारी दिएको छ। महाराष्ट्रमा ८८ जना, दिल्लीमा ६७, जना ओमिक्रोनका सङ्क्रमित रहेका छन्। ओमिक्रोनका ११४ जना सङक्रमित भने निको भएका जनाइएको छ।

सोही अवधिमा थप ३७४ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यससँगै भारतमा कोरोनाको कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ७९ हजार १३३ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ। पछिल्ला हप्ताहरूमा सङ्क्रमणको तुलनामा मृत्युदरमा भने उल्लेख्यरूमा कमी आएको देखिएको बताइएको छ।भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या ७७ हजार ५१६ रहेको छ। अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या कूल सङ्क्रमितको सङ्ख्याको ०.२२ प्रतिशत मात्रै रहेको मन्त्रालयले जनाएको छ। सक्रिय सङ्क्रमितको यो सङ्ख्या ७७५ दिनको नै सब भन्दा कम रहेको अधिकारीले जनाएका छन्।

गएको २४ घण्टामा भारतमा सात हजार ५१ कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४२ लाख १५ हजार ९७७ जनालाई कोरोना सङ्क्रमण निको भएका छन्। भारतमा कोरोना भाइरस निको हुने दर ९८.४२ प्रतिशत रहेको जनाइएको छ। यो सङ्ख्या सन् २०२० को मार्चपछि सबभन्दा बढी भएको समाचारमा जनाइएको छ। भारतमा कोरोना सुरु भएदेखि हालसम्म ६६ करोड ९६ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ३८ करोड ४३ लाखभन्दा बढी डोज खोप लगाइएको जनाइएको छ।

# स्थानीय तहसम्मको जनगणनाको प्रतिवेदन प्रकाशनको तयारी

काठमाडौँ, ९ पुस (रासस) ।

केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणनाको प्रतिवेदन पहिलोपटक स्थानीय तहसम्मको प्रकाशन गर्ने तयारी गरेको छ । विसं २०६८ सम्म जिल्लास्तरको तथ्याङ्कको मात्र प्रतिवेदन सार्वजनिक गरिन्थ्यो ।

राज्य सङ्घीय संरचनामा गएपछि पहिलोपटक स्थानीय तहको प्रतिवेदन प्रकाशन गर्न लागिएको विभागका निर्देशक ढुण्डीराज लामिछानेले राससलाई जानकारी दिनुभयो । विसं २०७८ को जनगणनाको फारम ७७ वटै जिल्लाबाट केन्द्रमा आइसकेको छ । प्राप्त फारामलाई परीक्षण र सम्पादन सकेर कम्प्युटरमा तथ्याङ्क राखिने उहाँले सुनाउनुभयो । पुस मसान्तसम्म कम्प्युटरमा तथ्याङ्क प्रवेश गराउन थाल्ने विभागको तयारी छ ।

तथ्याङ्क प्रवेश गराउन सुरु गरेको ६ महिनाभित्र सक्ने गरी काम अघि बढाइने छ । चालू आवमा तथ्याङ्क प्रवेश गराइसकेर आगामी आवको सुरुमै प्रतिवेदन प्रकाशन गरिने लामिछानेले बताउनुभयो । यस वर्षको जनगणनाको प्रतिवेदन केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहको अलगअलग सार्वजनिक गर्ने विभागको तयारी छ ।

गत वैशाखमा गणना गर्ने तयारी गरिएकामा नयाँ भेरियन्टसहितको कोरोनाको सङ्क्रमण तीव्ररुपमा फैलिएपछि कार्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म गणकले घरघर पुगेर फाराम भरेका थिए । नेपालमा १९६८ सालदेखि जनगणना सुरु भएको हो । जनगणना सुरु भएको ११० वर्षपछि स्थानीय तहसम्मको तथ्याङ्क प्रकाशन हुन लागेको हो । राज्य पुनःसंरचना भएपछिको यो पहिलो जनगणना हो ।

# प्रहरी वरिष्ठ उपरीक्षक यादव मृत फेला

बुटवल, ९ पुस (रासस) ।

नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) सुशीलकुमार यादव मृत फेला पर्नुभएको छ । उहाँ भैरहवास्थित सरकारी निवासमा शुक्रबार भुण्डिएको अवस्थामा फेला पर्नुभएको हो ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीका अनुसार घटनाको विस्तृत अनुसन्धान भइरहेको छ । उहाँले भन्नुभयो, "अन्य प्रहरी कर्मचारी खाजा खान गएको बेला यादव भुण्डिएको थाहा भएको हो ।" यादव सङ्घीय प्रहरी एकाइ कार्यालय भैरहवामा कार्यरत हुनुहुन्थ्यो । मृत्युको कारण खुल्न सकेको छैन ।

# थप २ सय ६० जनामा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, ९ पुस (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप २६० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा ११ हजार ८९६ जनाको पिसीआर परीक्षण गरिएको थियो ।

योसँगै नेपालमा पिसीआर विधिमार्फत् आठ लाख २६ हजार ९०१ जनाको कोरोना परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । हालसम्म एन्टिजेन विधिबाट ९६ हजार ११५ जनाको कोरोना परीक्षण गरिएको छ । पछिल्लो २४ घण्टामा ३४९ जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या आठ लाख १० हजार २७१ पुगेको छ । निको हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५८२ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ ।

यसैगरी, पछिल्लो समय तीन लाख २९ हजार ३७१ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ । हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार ४८ रहेको छ ।

# कांग्रेस महाधिवेशन अन्तरगत सबै पदको मतगणना सम्पन्न

काठमाडौँ, ८ पुस (रासस) ।

नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत भएको निर्वाचनको सबै मतगणना शुक्रबार सम्पन्न भएको छ ।

पछिल्लो मतपरिणामअनुसार केन्द्रीय सदस्य खस आर्य (महिला) छ पदमा कान्तिका सेजुवाल १८८५, चम्पादेवी खड्का १९०६, नानु बास्तोला २००१, प्रतिमा गौतम १८९१, मञ्जु खाण २१८१ र विद्यादेवी तिमिल्सिना १८२५ मतका साथ निर्वाचित हुनुभएको छ । सो पदमा कुल ३१ जनाले उम्मेदवारी दिनुभएको थियो ।

खस आर्य (खुला) सात पदमा भने केशवकुमार बुढाथोकी २११५, गेहेन्द्र गिरि १८०३, गोविन्दबहादुर शाह २०७३, नारायणबहादुर कार्की १८३६, भीम पराजुली १९४७, मधु आचार्य १८४९, श्यामकुमार घिमिरे १९१९ मतका साथै निर्वाचित हुनुभएको छ । सो पदमा ४३ जनाले उम्मेदवारी दिनुभएको थियो ।

यसैगरी केन्द्रीय सदस्य आदिवासी जनजाति (महिला) सात पदमा अन्जनी श्रेष्ठ २१२४, गंगालक्ष्मी अवाल १८५७, माया राई १८७३, सरस्वती वजीमय २०४८, सिताकुमारी राना १८३५, सीता गुरुङ २३०७, सुशीला थिङ १७९५ मतका साथ विजयी हुनुभएको निर्वाचन समितिले जनाएको छ । सो पदमा ३३ जनाले उम्मेदवारी दिनुभएको थियो ।

केन्द्रीय सदस्य आदिवासी जनजाति (खुला) आठ पदमा आङगेलु शेर्पा १८९८, उमेश श्रेष्ठ २१४४, चीनकाजी श्रेष्ठ २३०८, टेकप्रसाद गुरुङ १७७८, टेकबहादुर गुरुङ (मनाङ) १९०६, तारामान गुरुङ १९७६, दिलमान पाखिन १९७६ र बहादुर सिंह (लामा) तामाङ २११४ मतका साथ निर्वाचित हुनुभएको छ । केन्द्रीय सदस्य आदिवासी जनजाति (खुला) आठ पदमा ५० जनाको उम्मेदवारी परेको थियो ।

गत मङ्सिर २४ देखि २८ गतेसम्म सम्पन्न महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूलाई यही पुस १० गते शनिबार विहान ११ बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा निर्वाचित भएको प्रमाण पत्र वितरण गरिने समितिका सचिव केशव रिजालले जानकारी दिनुभयो ।

# कम्युनिष्ट शक्तिबीच एकता आवश्यक छ : अध्यक्ष दाहाल

काठमाडौँ, ९ पुस (रासस) ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकमा चलिरहेको प्रतिक्रान्तिको षड्यन्त्रलाई परास्त गर्न कम्युनिष्ट शक्तिबीच एकता आवश्यक भएको बताउनुभएको छ ।

माओवादी केन्द्र र नेकपा मसाल (सम्पर्क केन्द्र)बीच भएको एकतापछि शुक्रबार राजधानीमा आजोजित एकतासभामा अध्यक्ष दाहालले प्रतिक्रियावादीले जनसङ्घर्षबाट प्राप्त उपलब्धिलाई उल्टाउने प्रयास गरिरहेको आरोप लगाउनुभयो । "युद्ध र आन्दोलनबाट परास्त भएका तत्व र प्रतिगमनकारीले गणतन्त्रलाई उल्टयाउने षड्यन्त्र गरिरहेका छन्", उहाँले भन्नुभयो । परिवर्तनका पक्षधर, क्रान्तिकारी र वामपन्थी शक्ति एकताबद्ध भएर अगाडि जाने गरी मोर्चाबन्दी हुँदै गएको उल्लेख गर्दै अध्यक्ष दाहालले जनताको बलिदानबाट प्राप्त उपलब्धि कुनै पनि हालतमा उल्टिन नदिइने बताउनुभयो ।

"अहिले पनि ढुक्क हुने अवस्था छैन, षडयन्त्र जारी छ", उहाँले भन्नुभयो, "जनता र राष्ट्रका पक्षधर, क्रान्तिकारी शक्तिले एकजुट भएर प्रतिवाद गर्न जरुरी छ ।" इमान्दार कम्युनिष्ट बीचको बलियो एकताले नै प्रतिक्रान्ति विरोधी आन्दोलनको नेतृत्वको भूमिका खेल्न सक्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा नेकपा मसाल (सम्पर्क केन्द्र)का संयोजक लोकेन्द्र लम्सालले वैज्ञानिक समाजवाद स्थापना गर्न आफ्नो पार्टीले माओवादी केन्द्रसँग एकताबद्ध भएको बताउनुभयो । जनपक्षीय शक्ति अलगअलग भएर जनताको अपेक्षा पूरा हुन नसक्ने भन्दै उहाँले जनकाङ्क्षा पूरा गर्न माओवादी विचार र नेतृत्वबाट मात्र सम्भव भएकाले आफूहरू एकता प्रक्रियामा आएको उल्लेख गर्नुभयो ।

त्यसअघि अध्यक्ष दाहाल र संयोजक लम्सालले दुवै पार्टीबीच एकता सम्पन्न भएको घोषणा गर्नुभएको थियो । सम्पर्क केन्द्रको हाल ३९ जिल्लामा सङ्गठन तथा ६ जिल्लामा सम्पर्क कार्यालय रहेको सो अवसरमा संयोजक लम्सालले जानकारी गराउनुभएको थियो ।

### आप्रवासी कामदार ...

जिल्ला प्रशासन कार्यालय राजबिराजस्थित रहेको आप्रवासी श्रोत केन्द्रले बैदेशिक रोजगारमा जानेलाई सुरक्षित भएर जाने, जाने भए सीप सिकेर जान, ठगीमा पर्नेलाई न्याय दिलाउन, घरपरिवारलाई मनोपरामर्श बितिय साक्षरता कक्षा माध्यमबाट राजबिराज नगरपालिका, कंचनरूप नगरपालिका, शंभुनाथ नगरपालिका, राजगढ गाउपालिकामा कार्यक्रम गर्दै आएको श्रोत केन्द्रका संयोजक राजेन्द्र यादवले बताए ।

आप्रवासी कामदार हकहित संरक्षण केन्द्र राजबिराजका अध्यक्ष जितेन्द्र सिन्हाको अध्यक्षतामा आयोजित कार्यक्रममा सामी हेल्भेटास नेपालका प्रदेश संयोजक बिजय ठाकुर, नेपाल पत्रकार महासंघ सप्तरी उपाध्यक्ष अम्बिका दाहाल, सामी परियोजनाका कार्यक्रम अधिकृत राम प्रमेश मण्डल, रिटर्नी राधा नेपाल लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

### कांग्रेसको नवनिर्वाचित ...

अर्याल तिवारी, लुम्बिनी प्रदेशबाट देवेन्द्रराज कँडेल, चन्द्रबहादुर केसी र शिला शर्मा खड्का, कर्णाली प्रदेशबाट कर्णबहादुर बुढा, राजीवविक्रम शाह र जानकी सिंह तथा सुदुरपश्चिम प्रदेशबाट यज्ञराज जोशी, रणबहादुर रावल र सुशीला मिश्र भट्ट निर्वाचित हुनुभएको छ ।

कांग्रेसको सात दशक लामो इतिहासमा हालसम्म टङ्कप्रसाद आचार्य, बिपी कोइराला, मातृकाप्रसाद कोइराला, सुवर्णशम्शेर राणा, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र देउवा सभापति भइसक्नुभएको छ । कांग्रेसको १३औँ महाधिवेशन २०७२ साल फागुन २० देखि २३ गतेसम्म काठमाडौँमै भएको थियो ।

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं
➤ जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं ।
➤ जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं ।
➤ घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।
सभ्यताको परिचय दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np